**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०५ मार्च २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारले लगानी पूर्वाधार र उद्योगलाई जति प्राथमिकता दिएको छ, त्यति नै प्राथमिकता जनता, अर्थव्यवस्था र नवाचारलाई पनि दिएको बताउनु भएको छ।

२. पश्चिम बङ्गालमा बहुचर्चित स्कूल भर्ती घोटालाको अनुसन्धान गरिरहेको सीबीआईले राज्यका सरकारी विद्यालयहरूमा लिखित परीक्षामा खाली उत्तरपुस्तिका बुझाउने धेरै उम्मेदवारहरूलाई नौकरी दिइएको बताएको छ।

३. जलपाईगुडी जिल्लाको गोरुमारा तथा अलीपुरद्वार जिल्लाको जलदापारा राष्ट्रिय निकुञ्जमा आजदेखि गैँडा गणना शुरु भएको छ।

४. जोरबंगलो पुलिसले टाइगर हिलको जंगलबाट हिजो एक अज्ञात शव फेला पारेको छ।

५. पूर्वी हिमालय क्षेत्रमा सुन्तला खेतीलाई लिएर विभिन्न तक्नीकी र प्राविधिक बिषय दुई दिवसीय कार्यशाला क्लुनी कलेज कालेबुंगमा आरम्भ गरिएको छ।

**पीएम वेबिनार रोजगार**

प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारले लगानी पूर्वाधार र उद्योगलाई जति प्राथमिकता दिएको छ, त्यति नै प्राथमिकता जनता, अर्थव्यवस्था र नवाचारलाई पनि दिएको बताउनु भएको छ। आज वीडियो कन्फ्रेन्सिंगको माध्यमले रोजगार बारे बजेट-पछिको वेबिनारलाई सम्बोधित गर्दै श्री मोदीले मानिसहरुमा लगानीको दृष्टिकोण तीन स्तंभ, शिक्षा, कौशल र स्वास्थ्य सेवामा आधारित रहेको भन्नुभयो। उँहाले भन्नुभयो आज मानिसहरूले देख्न सक्छन् कि भारतको शिक्षा प्रणालीमा धेरै दशक पछि कसरी ठूलो परिवर्तन भएको छ। श्री मोदीले भन्नुभयो, वेबिनारको विषय ,मानिसहरु, अर्थव्यवस्था र नवाचारमा लगानी गर्नु हो जसले विकसित भारतको रोडमैपलाई परिभाषित गर्दछ।

****** ० ******

**स्कूल-भर्ती-घोटाले**

पश्चिम बङ्गालमा बहुचर्चित स्कूल भर्ती घोटालाको अनुसन्धान गरिरहेको केन्द्रीय अनुसन्धान ब्युरो (सीबीआई) ले एक आश्चर्यजनक खुलासा गरेको छ। सीबीआईले हालै कलकत्ता उच्च अदालतमा दायर गरेको आफ्नो प्रतिवेदनमा राज्यका सरकारी विद्यालयहरूमा लिखित परीक्षामा खाली उत्तरपुस्तिका पेश गर्ने धेरै उम्मेदवारहरूलाई नौकरी दिइएको उल्लेख गरेको छ। स्रोतका अनुसार सन् २०१६ देखि २०२२ को बीचमा भएको परीक्षाका क्रममा यी नक्कली भर्ना गरिएका थिए। यी उम्मेदवारहरूको चयन अप्टिकल मार्क रिकग्निसन (ओएमआर) शीटमा धाँधली गरिएको थियो। यति मात्र होइन, अनुसन्धान एजेन्सीले प्रमाण नष्ट गर्न कुनै पनि अनुमति आदेश बिना नै धेरै ओएमआर पानाहरू नष्ट गरिएको खुलासा गरेको छ।सीबीआईको रिपोर्टमा यो पनि उल्लेख गरिएको छ कि घोटालाका मुख्य योजनाकारहरूले पहिले नै नोकरीको लागि घूस दिइसकेका उम्मेदवारहरूबाट पनि पैसा असुलेका थिए। सन् २०१५ मा ७५२ परीक्षार्थीको नतिजा प्राविधिक कारण देखाउँदै रोकिएको थियो। पछि, जब नतिजा घोषणा गरियो, यी मध्ये ३०० उम्मेदवारहरूलाई सरकारी विद्यालयमा जागिर दिइयो।

****** ० ******

**आसनसोल**

आसनसोलमा आयोजित हस्तकला मेलामा आज दिउँसो भीषण आगलागी भएको घटना प्रकाशमा आएको छ। आगो यति छिटो फैलियो कि केही समयमै धैरै पसलहरू जलेर खरानी भए। यो घटनाले त्यस क्षेत्रमा हलचल मच्चायो । आगलागीबाट ठूलो क्षति हुने सम्भावना रहेको छ । समाचारअनुसार मेलामा रहेको एक होटलमा सबैभन्दा पहिले आगलागी सुरु भएको थियो । मेलामा काठ र बाँसका सामानका पसलको संख्या धेरै भएकाले आगोले भयावह रुप लिएको थियो ।

****** ० ******

**गैँडा गणना**

जलपाईगुडी जिल्लाको गोरुमारामा तीन वर्षपछि गैँडा गणना शुरु भएको छ। वनका कर्मचारी र स्वयंसेवकले आज बिहानदेखि गैँडा गणनाको काम शुरु गरेका छन् । गणनामा सघाउन हात्तीको पनि सहयोग लिइँदैछ । पहिलो दिन ठूला गैँडासँगै धेरै (शावक) छाउराहरु भेटिएकाले गोरुमारामा गैँडाको सङ्ख्या बढेको हुन सक्ने वन विभागको अनुमान छ । यस दिन वनकर्मी र स्वयंसेवकले विभिन्न समूहमा विभाजन गरी गैँडा गणनाको काम शुरु गरेका छन् । गोरुमारा, चापरामाड़ी, लाटागुड़ी, पांझोरा र नथुवा वनमा गैँडा गणना भइरहेको छ । गोरुमारा वन्यजन्तु विभागका डिएफओ द्विज प्रतिमसेनका अनुसार गैँडा गणनाको दुई दिनसम्मचल्नेछ । गणनालाई मध्यनजर गर्दै गोरुमारा वनमा पर्यटकको प्रवेश दुई दिनका लागि बन्द गरिने भएको छ ।

यसैगरी अलीपुरद्वार जिल्लाको जलदपारा राष्ट्रिय निकुञ्जमा पनि गैँडा गणना शुरु भएको छ । यहा गैँडागणना हरेक दुई वर्षमा गरिन्छ । पछिल्लो गणना सन् २०२२ मा गरिएको थियो भने त्यसताक यहा २९२ वटा एकसिङ्गे गैँडा भेटिएका थियो । वन विभागले यस पटक यो संख्या बढ्ने अपेक्षा गरेको छ । जलदपाडाका डिएफओ प्रवीण कसवानका अनुसार गैँडा गणनाका लागि ४०० जना परिचालन गरिएको छ । जसमा १३ वटा गैरसरकारी संस्थाका सदस्यहरु सामेल छन् भने ७० वटा हात्तीको सहयोग लिइँदैछ । यसका साथै गैँडा गणनाका लागि जलदपाडा राष्ट्रिय निकुञ्जलाई ६५ वटा ब्लकमा विभाजन गरिएको छ

****** ० ******

**खानेपानी-समस्या**

सुख्या मौसमको कारण लगभग ९० घरधुरी रहेका मिरिक महकुमाको टिङलिङ पिपलीबोटे गाउँमा खानेपानीको समस्या विकराल बनेको छ। गाउँका स्थानीयबासीहरू खानेपानीको अभावले दैनिक जीवनयापनमा कठिनाइ भोग्न बाध्य भएका छन्। स्थानीयबासीका अनुसार एक गाग्री पानीका लागि बिहान ४ बजेदेखि नै लाइन बस्नुपर्ने बाध्यता छ। जो चाँडै आउँछ उसले पानी पाउँछ, ढिलो आउनेहरू रित्तै फर्कनुपर्ने अवस्था छ। पानीको अभावका कारण गाउँमा बेलाबेला झैझगडासमेत हुने गरेको छ। सरकारले 'घर घर जल' लगायतका विभिन्न खानेपानी योजनाहरू ल्याए पनि टिङलिङ पिपलीबोटे गाउँमा भने 'कल छ तर जल छैन' भन्ने उखान चरितार्थ भएको छ। यसैगरी गाउँमा ग्राम पन्चायत मार्फत खानेपानीको ट्याङ्की निर्माण गरिएको भए पनि पानीको मुहानमा नै पानी नभएपछि ट्याङ्की खाली नै रहने गरेको छ।यसका साथै गाउँमा खानेपानीको समस्या समाधानका लागि स्थानीय सरकार र सरोकारवाला निकायले तत्काल पहल गर्नुपर्ने स्थानीयबासीको माग छ।

****** ० ******

**मरमा**

मिरिक महकुमा अन्तर्गत पर्ने मरमा चियाकमानलाई मुख्य सडकसित जोड्ने सडक जीर्ण बनेपछि स्थानीय मानिसहरूलाई यातायातमा ठूलो समस्या भएको छ। स्थानीयवासीका अनुसार सडकमा ठूला-ठूला खाल्डाखुल्डी भएकोले दैनिक आवतजावतमा गर्न पनि कठिन भएको छ। यसका साथै स्थानीयवासीले सडक मर्मतका लागि सम्बन्धित निकायलाई पटक-पटक आग्रह गरेको भए पनि अहिलेसम्म कुनै सुनुवाइ नभएको गुनासो गरेका छन भने उनीहरूले तत्काल सडक मर्मत गर्न माग गरेका छन्।

****** ० ******

**अज्ञात-शव**

जोरबंगलो पुलिसले टाइगर हिलको जंगलबाट हिजो एक अज्ञात शव फेला पारेको छ । जानकारी अनुसार स्थानीय वासिन्दा साथै वन विभागको कर्मचारीहरूले जंगलमा शव देखे पछि जोरबंगलो पुलिसलाई खवर गरेका थिए भने पुलिसले शवलाई उद्धार गरेर पोस्ट मार्टमको निम्ती दार्जीलिङ पठाएको पुलिस सुत्रबाट थाहा लागेको छ। अर्कोतिर अस्पताल सुत्र मार्फत जानकारी अनुसार शवलाई तीन दिन सम्म दार्जीलिङको लास घरमा नै राखिने तथा शवको पहिचान प्रक्रिया शुरु गरिनेछ। यदि तीन दिन भित्रमा उक्त शव लिन कोहि आए पोस्ट मार्टम गरेर परिवारलाई सुम्पिने छ, नत्र अज्ञात लासहरूको दाह संस्कार गर्ने संस्थाहरूलाई स्वास्थ्य विभागले उक्त अज्ञात शव सुम्पिने जानकारी प्राप्त भएको छ ।

****** ० ******

**पर्यटक-लापत्ता**

छत्तीसगढ़बाट दार्जीलिङ घुम्न आएका एक पर्यटक एक महिना देखि दार्जीलिङको एक होटलबाट लापत्ता बनेका छन्। 6 फरवरी 2025 को दिन 20 जानाको टोलीसहित दार्जीलिङ घुम्न आएका पर्यटकहरू मध्ये एक भुगन राम बेलुकीको खाना खाएर कोठामा सुत्न गए पछि नै लापत्ता भएको थाहा लागेको छ भने यसबारेमा 8 फरवरी 2025 मा दार्जीलिङ सदर थानामा प्राथमिकी दर्ता गरिसकेको भए पनि उनीबारेमा हालसम्म अत्तोपत्तो नभएको उनका सहयोगी बलदिप सिहले जानकारी गराएका छन्। अर्कोतिर दार्जीलिङ घुम्न आएका पर्यटक भेगन राम लापत्ता भएको खवर सदर थानामा भए पछि दार्जीलिङ पुलिस उनको खोज तलासमा लागि सकेको पुलिस सुत्रबाट थाहा लागेको छ।

****** ० ******

**सुन्तला-कार्यशाला**

पूर्वी हिमालय क्षेत्रमा सुन्तला खेतीलाई लिएर विभिन्न तक्नीकी र प्राविधिक बिषय दुई दिवसीय कार्यशाला आरम्भ गरिएको छ। यस क्षेत्रमा जलवायु अनुकूल रहेको विषयमा क्षेत्रमा किसानहरूलाई सशक्त बनाउनका लागि उक्त दुई दिवसीय दोस्रो अन्तर्राष्ट्रिय कार्यशाला क्लुनी कलेज कालेबुंगमा आरम्भ भएको छ। उद्घाटन समारोहमा पश्चिम बङ्गाल सरकारको एफपीआई एन्ड हर्टिकल्चर विभागका मन्त्री अनुप रोय प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्त्यो। यसरी नै जीटीए मुख्य कार्यपालक अनित थापा, कालेबुङ विधायक रूदेन सादा लेप्चा, कालेबुङ जिल्लापाल बालासुब्रमण्यम टी विशिष्ट अतिथिका रूपमा उपस्थित थिए। यसैगरी कार्यशालामा नेपाल र भूटानबाट स्रोत व्यक्तिहरूले प्रत्यक्ष रूपमा सहभागिता जनाएका थिए भने अमेरिका र इरानबाट भर्चुवल माध्यममार्फत विशेषज्ञहरूको सहभागिता रहेको थियो। कार्यशालामा कृषकहरूले आ-आफ्नो अनुभव तथा समस्या प्रस्तुत गरेका गरे भने विशेषज्ञहरूले समाधान माथि प्रकाश पारेका छन्।

****** ० ******

**मिलन-बहादुर-छेत्री**

भारतीय नेपाली भाषी पत्रकार मिलन बहादुर छेत्रीले ब्राजिलको रियोमा फेब्रुअरी 25 देखि आयोजित र मार्च 1 मा ब्राजिलको साओ पाउलोमा समापन भएको विश्वको सबैभन्दा ठूलो र सबैभन्दा प्रतिष्ठित सडक महोत्सवमा नेपाली संगीत र संस्कृतिलाई विश्वव्यापी दर्शकहरूसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। कार्यक्रममा ब्राजिलको स्वामी विवेकानन्द साँस्कृतिक केन्द्रकी निर्देशक ज्योति किरण शुक्लाले भारतीय संस्कृतिको प्रतिनिधित्व गर्नु भएको थियो । कार्यक्रममा श्री मिलनबहादुर छेत्रीको अथक प्रयासले ‘यो दार्जिलिङ’ गीतमा विशेष नृत्य प्रस्तुत गरिएको थियो। कुमुद रञ्जन गिरीको लेखन तथा संगीत रहेको गितमा रजनी राईको स्वर रहेको छ भने गित निशान्त थापाले एरेन्ज अनि सहदेव चाम्लिङले निर्देशन गरेका हुन् ।

****** ० ******